चैत्र ०२, २०७६
बुटवल, रूपन्देही ।

लघुवित्त सेवा प्रदान गर्न कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसँग सरोकार राख्ने फिल्ड कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी ग्राहक सदस्यहरूलाई सरल, सहज रूपमा लघुवित्त सेवा प्रवाह गर्न संस्था र ग्राहक सदस्यहरू विचको दिर्घकालिन सेवा सञ्चालनको लागि आपसी सम्बन्ध विस्तार गर्नु प्रमुख उद्देश्य रहेको छ । यस संस्थाबाट प्रदान गरिएको लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्दै ग्राहक सदस्यहरूसँगको वित्तीय कारोवार दिगो, विश्वसनीय, परिणाममुखी तथा पारदर्शी बनाउनको लागि गुणस्तरीय सेवा प्रदान गर्न जरूरी छ। तसर्थ डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा मिति २०७६ फागुन २९ देखि ३० गतेसम्म प्रदेश नं ०५ अन्तर्गतको शाखा कार्यालयहरूका ३६ जना कनिष्ठ सहायकहरूलाई बुटवल, रूपन्देहीमा अभिमुखीकरण सम्बन्धी २ दिने आवासीय तालिम संचालन गरिएको थियो ।




उक्त कार्यक्रममा प्रदेश नं ५ का प्रदेश प्रमुख श्री हरिप्रसाद मरहठ्ठा र मानव संशाधन तथा तालिम बिभागका अधिकृत सुवासचन्द्र दाहालले डिप्रोक्स लघुवित्त वित्तीय संस्थाको परिचय, संस्थाले संचालन गरेको कर्जा तथा बचत सेवाका पद्धतीहरू, अनिवार्य समूह तालिम संचालन गर्नुपूर्व ध्यान दिनुपर्ने बिषयहरू, तालिममा सिकाईने विषयबस्तुहरू सहित सोको प्रक्रिया, गुणस्तरीय केन्द्र संचालनमा देखिएको समस्याको समाधान, धितो कर्जा लगानी प्रक्रिया, कर्जा गुणस्तर कायम राख्न कर्जा प्रस्ताव घरधुरी तथा परियोजना निरीक्षण, कर्जा भाखा नाघ्नुको कारणर र भाखा नाघेको कर्जा असुली प्रक्रिया बारेमा तालिम प्रदान गर्नु भएको थियो ।